# आ व २०८१।०८२ को वार्षिक नीति तथा कार्यक्रम

**नगरसभाका सदस्यहरु लगायत उपस्थित महानुभावहरु**

यस अवसरमा म सर्वप्रथम नेपाल राष्ट्रको सुरक्षा, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवम् मूलुकको सर्वाङ्गीण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनैतिक क्रान्ति, सशस्त्र संघर्ष एवम् आन्दोलनका क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । देशमा राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागणहरु लगायत सम्पूर्ण नेपालीहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

स्थानीय तह निर्वाचन पश्चात स्थानीय सरकार त्रिपुरासुन्दरी नगरपालिकामा समाजवाद उन्मुख आर्थिक-सामाजिक रुपान्तरणका लागि सुशासन, विकास र सामाजिक न्याय सहित समृद्ध नगरपालिका, सुखी नगरवासीको आकांक्षा पुरा गर्न प्रतिवद्ध छ । नगरपालिकावासीको सुख र समुन्तिका लागि जनताप्रति आशा र भरोसा जगाउने गरि नगरपालिकाले आफ्नो नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको छ ।

संविधानको कार्यान्वयन, संघीयताको सबलीकरण, अर्थतन्त्रको सुधार र पुनरुत्थान, उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण त्रिपुरासुन्दरी नगरपालिकाका प्राथमिकतामा रहेका छन । सुशासनलाई संस्थागत गर्न, विकास निर्माणलाई गति दिन र सेवा प्रवाहमा सारभूत र आम जनताले अनुभूति गर्न सक्ने सुधार गर्न स्थानीय सरकार स्पष्ट कार्ययोजनाका साथ अघि बढेको छ ।

**नगरसभाका सदस्यहरु लगायत उपस्थित महानुभावहरु**

## सामाजिक विकास

### शिक्षा युवा तथा खेलकूद

१ सामुदायिक विद्यालयमा कार्यरत प्रारम्भिक वालविकास कक्षाको सहजकर्ताहरु, विद्यालय कर्मचारी र प्रधानाध्यापकहरुलाई प्रदान गरिदै आएको प्रोत्साहन भत्ता कार्यक्रमलाई निरन्तरता दिने नीति लिइनेछ ।

२ साविकको निम्नमाध्यमिक तह (६-८) सञ्चालित विद्यालयहरुलाई सूचनामैत्री बनाउनुका साथै अन्लाइन तथा अफलाइन पुस्तकालयको माध्यमबाट सिकाइमा गुणस्तर अभिवृद्धि गर्ने नीति अवलम्वन गरिने छ ।

३ आधारभूत तह कक्षा १ देखि ३ तथा कक्षा १ देखि ५ सम्म सञ्चालित सबै सामुदायिक विद्यालयमा सूचना प्रविधिका न्यूनतम साधन आगामी आ व मा उपलब्ध गराउने नीति लिइनेछ ।

४ नगरपालिका भित्र सञ्चालित सबै सामुदायिक विद्यालय तथा समग्र नगरपालिकाको शैक्षिक गुणस्तर सुधारको लागि सरोकारवालाहरुको सहभागितामा वृहत शैक्षिक बहस कार्यक्रम सञ्चालन गरी शिक्षामा सबैको अपनत्वको धारणा अभिवृद्दि गरिनेछ ।

५ नगरपालिकाभित्रका युवा युवतिहरुका लागी तालिम तथा प्रशिक्षणका माध्यमबाट रोजगारीको सिर्जना गरिनेछ ।

६ नगरपालिकास्तरीय कक्षा १-८ मा स्थानीय पाठ्यक्रम लागु भई कार्यन्वयनको चरणमा रहेकोले पाठ्यक्रम प्रवोधिकरण तथा पाठ्यपुस्तक निर्माणका लागि आवश्यक कार्य गरिनेछ

जनचन्द्र रोकाया
नगर प्रमुख

हिराचन्द्र ...
नि.प्रमुख प्रशासकीय अधिकृत

७ भौगोलिक अवस्था, शिक्षक विद्यार्थीको अनुपातका आधारमा विद्यालय तथा कक्षा समायोजनको नीति लिइ शिक्षक विद्यार्थी अनुपात मिलाउने कार्य गरिनेछ ।

८ नगरपालिकास्तरमा आधारभूत कक्षा १-३ तथा आधारभूत तह कक्षा १-५ र माध्यामिक तह सञ्चालित विद्यालयहरुमध्ये बाट १/१ वटा विद्यालय छनोट गरी पालिकास्तरीय नमुना विद्यालयको रुपमा विकास गर्ने नीति लिइनेछ ।

९ नगरपालिकास्तरमा विद्यार्थी प्रतिभा पहिचान, पढाइ मेला प्रतियोगिता लगायत विभिन्न अतिरिक्त क्रियाकलापहरुको आयोजना गरी विद्यालयको शैक्षिक गुणस्तर सुधारमा स्वच्छ प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्दै लिइनेछ ।

१० विद्यालय अनुगमन तथा सुपरीवेक्षणमा विशेष जोड दिई अभिभावक सहभागिता वृद्धि गराउनुका साथै शिक्षकको पेशागत सहयोग तथा शिक्षक कर्मचारी, अभिभावक, विद्यालय व्यवस्थापन समितिको क्षमता विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ।

११ नगरपालिका स्तरमा खुल्ला मेयरकप खेलकुद कार्यक्रम लगायत युवा खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ

१२ त्रिपुरासुन्दरी नगरपालिकाको शिक्षा क्षेत्रको योजना २०८०-२०८४ को कार्यन्वयन गरिनेछ ।

१३ किर्डाक नेपालसँगको सहकार्यमा प्रारम्भिक वालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनुका साथै प्रारम्भिक वालविकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

**स्वास्थ्य**

१ आयुर्वेदिक र एलोपेथिक चिकित्सक पद्दतिबाट नगरपालिकाबासीलाइ गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्थालाइ गतिशील तथा प्रभावकारी वनाइनेछ ।

२ नगरपालिका भित्रका सवै गर्भवती तथा सुत्केरी आमाहरु तथा अशक्तलाई निशुल्क र अन्य विरामीहरुलाई स्वास्थ्य संस्थामा उपचारार्थ आगमनका लागि सहुलियत दरमा एम्बुलेन्स सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

३ आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान गरिने स्वास्थ्य सेवालाई छिटो छरितो र प्रभावकारी बनाइनेछ ।

४ नगरपालिका भित्रका १५ महिना सम्मका बालबालिकालाइ दिइने खोप कार्यक्रमलाइ अझै प्रभावकारी बनाउन खोप ढुवानी र खोप कार्यकर्ताको व्यवस्था गरिनेछ ।

४ निशुल्क रुपमा गर्भवति आमालाइ भिडियो एक्सरे सेवा प्रदान गर्दै आइरहेकोमा यसलाइ थप प्रभावकारिता सहित निरन्तरता दिइनेछ ।

५ त्रिपुराकोट स्वास्थ्य चौकीलाइ नमूना स्वास्थ्य चौकी बनाउनुका साथै सुविधा सम्पन्न युक्त बर्थिङ सेन्टरका लागि आवश्यक पहल गरिनेछ ।

६ आ व २०८१।२०८२ मा आमा सुरक्षा कार्यक्रम अन्तर्गत गर्भवती महिलालाई गर्भवती उत्प्रेरणा भत्ता र स्वास्थ्य संस्थामा प्रसुति भए बापत पाउने यातायात खर्चलाई निरन्तरता दिँदै न्यून आयस्रोत भएका गर्भवति महिलाहरुलाइ स्वास्थ्य संस्थामा सुत्केरी भएपवापत पोषण कोशेली कार्यक्रम सञ्चालन गरिनेछ ।

७ स्वास्थ्य चौकीलाइ सूचनामैत्री बनाउनुको साथै स्वास्थ्य चौकी प्रमुखहरुको मासिक समिक्षालाई निरन्तरता दिइनेछ

८ पोषिलो पिठो ढुवानीको कार्यक्रमको ब्यवस्था गरिनेछ ।

९ महिला स्वास्थ्य स्वयंम् सेविका स्वास्थ्यकै मेरुदण्ड भएकाले यस कार्यक्रमलाई थप प्रभावकारी वनाउनका लागि आवश्यक बजेटको ब्यवस्था गरिनुका साथै यस त्रिपुरासुन्दरी नगरपालिका भित्रका स्वास्थ्य चौकीहरुमा विशेषज्ञ डाक्टरहरु मार्फत विभिन्न रोगहरुको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

जनचन्द्र रोकाया
नगर प्रमुख

१० यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा उपचारका लागि आउने विरामीहरुलाई आवश्यक पर्ने औषधि खरिद गरि निशुल्क रुपमा वितरण गरिनेछ ।

११ आम नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवाबाट बन्चित नगराउने उद्देश्यले प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना पश्चात उक्त स्वास्थ्य सेवा केन्द्र सञ्चालनका लागी संघीय सरकारबाट तलब भत्ता उपलब्ध नहुने भएकोले स्वास्थ्य केन्द्रमा सहायक स्तर चौथो तहका कर्मचारीहरुलाई स्थानीय सरकारबाट व्यवस्थापन गरि स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न जनशक्ति परिचालन गरिनेछ ।

**महिला बालबालिका तथा समाजकल्याण**

१ बाल विवाह विरुद्धको साझा अभियान संजाल डोल्पा आवाज संस्था लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाको समन्वय सहकार्यमा नगरपालिकाभित्र हुने गरेको बालविवाहलाई निरुत्साहित गरी बाल विवाह मुक्त नगरपालिका घोषणा गर्न आवधिक तथा रणनितिक योजना निर्माण तथा कार्यन्वयनका लागि सवै वडाहरुमा वालविवाह न्यूनीकरण सम्बन्धि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२ महिलाहरुको क्षमता विकास गर्न सवै वडामा महिला समुह, समिति र संस्थाहरुको सदस्यहरुलाई विभिन्न तालिम तथा सचेतनामुलक कर्याक्रमको आयोजना मार्फत महिला उद्यमी निर्माण गरिनेछ ।

३ महिला र लैंगिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने सवै प्रकारका घरेलु हिंसा, शोषण, दुर्व्यवहार र भेदभाव अन्त्य गर्दै लैंगिक उत्तरदायी प्रणालीलाई संस्थागत गर्ने नीति लिइनेछ

४ हिंसा पिडितको तत्काल उद्धार, पुन स्थापना र परिवारमा पुन एकीकरण तथा आर्थिक सशक्तिकरण लाई थप प्रभावकारी बनाईनेछ ।

५ बालबालिकाको हक अधिकार सुनिश्चित गर्दै आधारभूत स्वास्थ्य, शिक्षा र पोषणमा सवैको पहुँच अभिवृद्धि गर्दै सडक बालबालिकामुक्त सचेतना अभियान सञ्चालन गरिनेछ ।

६ हिंसामा परेका, विशेष संरक्षणको आवश्यकता रहेका तथा अनाथ बालबालिकाहरुको संरक्षणको लागि आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था मिलाई वितरण गरिनेछ ।

७ बाल न्याय प्रणालीलाई प्रभावकारी वनाउदै लगिने, ज्येष्ठ नगरिकहरुलाइ सम्मान र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्दै कल्याणकारी कार्यक्रम मार्फत क्षमता विकास एवं आयमूलक तथा स्वरोजगारमूलक बनाउने तर्फ केन्द्रित नीति तर्जुमा गरिनेछ ।

८ नगरपालिकामा मनाइने विभिन्न दिवस तथा समारोहमा महिला बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक लगायत सवैको पहुँच हुने गरी अर्थपुर्ण सहभागिता मार्फत क्षमता विकास गरिनेछ

९ नगरपालिकाभित्रका ज्येष्ठ नागरिकहरुलाई सम्मान तथा अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ

१० मर्यादित महिनावारी व्यवस्थापनका साथै लैंगिक समानता, अपाङ्गता, सामाजिक समावेशीकरण योजना निर्माण गरी कार्यन्वयनमा लगिनेछ ।

**भाषा तथा संस्कृति**

१ स्थानीय स्रोत साधनबाट निर्माण गरिएका वस्तुहरुको बजारिकरण एवं प्रचार प्रसार गरिनेछ ।

२ स्थानीय मौलिकतामा आधारित संस्कृतिको संरक्षण तथा प्रवर्द्धन र विकासका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३ परम्परागत भाषा ज्ञान सीप र कलाको संरक्षण संवर्द्धन र विकास एवम् प्रचारप्रसार गरि नयाँ पुस्ताका लागि हस्तान्तरण गर्ने वातावरण सिर्जना गरिनेछ ।

जनचन्द्र रोकाया
नगर प्रमुख

बहुक्षेत्रीय पोषण

१ त्रिपुरासुन्दरी नगरपालिकाले महिला किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन नेपाल सरकारको प्राथमिकता प्राप्त योजनालाइ प्राथमिकताका साथ यस नगरपालिकामा कार्यन्वयन गरी आगामी आ ब बाट सवै विषयगत तथा क्षेत्रगत क्रियाकलापहरु तयार गरी विपन्न सुनौला हजार दिनका बालबालिकाहरुलाई पोषण तथा खाद्य सुरक्षाका लागी तोकिएका क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२ बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीय शासन अवलम्बन गर्न र आगामी ३ बर्ष भित्र यस नगरपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणाका लागि विशेष अभियान सञ्चालन गरी वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ ।

**नगरसभाका सदस्यहरु लगायत उपस्थित महानुभावहरु**

## आर्थिक विकास क्षेत्र

### पशु सेवा

१ व्यवसायिक पशुपालन कार्यक्रम सञ्चालन तथा रैथाने पशु संरक्षण एबम् संबर्द्धन कार्यक्रम संञ्चालनका साथै कृषि उत्पादन केन्द्र पशु पकेंट संचालन गरिनेछ।

२ आकस्मिक/महामारीजन्य रोग बिरुद्ध सचेतनामुलक कार्यक्रम तथा नगरपालिकाको प्रत्येक वडामा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

३ जुन्टीक रोग र यसको असरबारे सम्पुर्ण वडामा सचेतनामुलक कार्यक्रम सञ्चालन र नगरपालिकाभित्र रहेका सवै वधशालाहरुलाई व्यवस्थित गरिनेछ ।

४ जिल्ला  तथा पालिका बाहिरबाट पशुपंछी आयात निर्यात गर्दा स्वस्थ भए नभएको परीक्ण गर्ने कार्यलाई अनिवार्य गरिनेछ ।

५ नगरपालिकामा विभिन्न उन्नत जातका भाले तथा पोथी पशुचौपाया आयात गर्न पशु अस्पताल तथा पशु सेवा कार्यालयसँग समन्वय गरिनेछ ।

६ नगरपालिकामा दर्ता भएका कृषक समूह तथा समितिलाई विभिन्न तालिम तथा गोष्ठी सञ्चालन गरि नयाँ ज्ञान सिप र प्रविधिको मार्फत व्यवसायिक पशुपालनमा जोड दिइनेछ ।

### कृषि

१ कृषि उत्पादन र उपभोक्ता बिच निकट सम्बन्ध कायम गरी कृषि उत्पादनको बजार मुल्यको अधिकतम हिस्सा किसान सम्म पुर्याउन कृषि हाटबजारको व्यवस्था मिलाइनेछ ।

२ कृषक सूचीकरण कार्यलाइ व्यवस्थित बनाउदै वास्तविक किसानको पहिचान गरि विधुतिय माध्यमबाट कृषक प्रमाणपत्र उपलब्ध गराइनेछ।

३ नगरपालिकाका कृषकलाई आवश्यक पर्ने स्थानीय स्तरमा पाइने रैथाने अन्नबालीहरु र प्राकृतिक प्रकोपबाट लोप भएका अन्न बालिलाइ संकलन र प्रवर्द्धनका लागि वास्तविक कृषकलाई अनुदानको व्यवस्था गरिनेछ ।

४ कृषिमा सिचाइको प्रवन्ध मिलाउनुका साथै चक्लाबन्दि खेति प्रणाली अवलम्बन गरिनेछ

५ स्थानीय स्तरमा उपलब्ध जडिबुटी तथा विभिन्न फलफुलको प्रशोधन, बजारीकरण एवं स्याउ ओखर तथा आलु पकेट क्षेत्रलाई स्थापना गरी उत्पादनमा वृद्धि गरिनेछ ।

जनचन्द्र रोकाया
नगर प्रमुख

६ कृषिमा यान्त्रिकरणलाई जोड दिदै सहकारी तथा कृषक समुहलाई चलायमान बनाउन सहकारी तथा कृषक समूह मार्फत अनुदान कार्यक्रमहरु कृषक सामु पुर्याइनेछ ।

७ नगरपालिकामा उत्पादन हुने तरकारी तथा फलफुल खेतिमा देखिएका रोग किरा तथा झारपातको समस्या निराकरण गर्न जैविक विषादीको प्रयोगलाई बढाउदै क्रमश अर्गानिक उत्पादनमा जोड दिईनेछ ।

८ नगपालिका क्षेत्रभित्र कृषि क्षेत्रमा लगानी गर्ने बैक तथा वित्तीय सस्थाबाट कृषि उद्यम सम्बन्धि परियोजना विकास गरि बैक तथा वित्तिय सस्थाहरुसँग सहकार्य गरि सहुलियत दरमा कृषि ऋण उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।

९ किसानको मानवोचित जिवन यापनका लागि आय आर्जनमूलक कार्यक्रम सञ्चालन मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गरि आत्मनिर्भतातर्फ उन्मुख बनाउदै कृषिको व्यवसायिकरण, यान्त्रिकरण, भण्डारण तथा बजारीकरणका लागि विशेष कार्यक्रममा जोड दिइनेछ ।

## उद्यम विकास

१ नेपाल सरकारको एक स्थानीय तह एक औद्योगिक ग्रामको अवधारणा बमोजिम आ.व. २०८१।०८२ भित्र सङ्घीय सरकारसँग समन्वय गरि स्थानीय स्रोत तथा साधनको प्रयोग हुने कच्चा पदार्थ भरपूर उपयोग हुने गरि औद्योगिक ग्रामको स्थापना तथा सञ्चालन मार्फत स्थानीय रोजगारीमा वृद्धि गर्ने नीति लिइनेछ।

२ साना तथा घरेलु उद्योग सञ्चालनमा जोड दिदै रोजगारीका अवसर सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।

३ उद्यमशीलता विकासका लागि पिछडिएका समुह, महिला, दलित. तथा लक्षित बर्गलाई आत्मनिर्भर व्यवसायिक जस्ता आम्दानीमूलक तालिम दिई आत्मनिर्भर बनाउने लक्ष्य लिइनेछ

४ सरकारी तथा गैर सरकारी संस्थासँगको निरन्तर समन्वय सहकार्य तथा साझेदारीमा विभिन्न सिपयुक्त छोटा तथा लामा अवधिका तालिमहरु जस्तैः हाउस वायरिङ, पल्मविङ, इलेक्ट्रोलिक्स, हेयर कटिङ, कार्पेन्टर ,मेशनरी आदि जस्ता तालिमहरु सञ्चालन गरिनेछ ।

५ विभिन्न प्रकारका जडीबुटीको प्रचुर संभावना भएको यस क्षेत्रमा प्रशोधन तथा अनुसन्धानका लागि आवश्यक पहल गरिनेछ ।

## पर्यटन विकास

१ ऐतिहासिक, साँस्कृतिक तथा प्राकृतिक स्थल बाला त्रिपुरासुन्दरी मन्दिरको ब्यापक प्रचारप्रसार गरी धार्मिक ऐतिहासिक र साँस्कृतिक स्थलको विकास र अन्तरआवद्धता कायम गरि पर्यटन सेवामा टेवा पुर्याउन पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।

२ छलको बुढाल मष्टो, गल्लीको भवानी मष्टो जस्ता देवस्थल, विक्रम शाही महाराजको दरवार र रल्ली राजारानी जस्ता पुरातात्विक क्षेत्रको संरक्षण र सवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाइ भिञ्याउनका लागि नयाँ पर्यटकीय गन्तव्यको रुपमा आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ ।

३ स्थानीय पर्यटन प्रवर्द्धन विशेष सुरक्षा नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्रका होटल व्यवसायीहरुलाई पर्यटक मैत्री सूचना प्रवाह र पर्यटक आकर्षण गर्ने व्यवस्था गर्न आवश्यक तालिम तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

४ नगरपालिका क्षेत्रमा नयाँ पर्यटकीय क्षेत्रको पहिचान गर्न अध्ययन तथा अनुसन्धान कार्यलाई प्राथमिकतामा राखि अगाडी बढ्ने निती लिइनेछ ।

जनचन्द्र रोकाया
नगर प्रमुख

रोजगार सेवा

१ श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नारा मर्यादित रोजगारको सुनिश्चित गर्न जोड दिइनेछ । :

२ युवासँग स्थानीय सरकारले विगतका बर्ष दर्ता भएका बेरोजगार युवाहरु मध्ये कम्तिमा अधिकतम युवाहरुलाई रोजगारी सिर्जना गर्न सरकारी तथा निजि क्षेत्रहरुको सहकार्यमा सिप विकास तथा रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

३ स्थानीय स्तरमा उत्पादन तथा सीपयुक्त वातावरण सिर्जना गरौं : बेरोजगारी हटाउ, भन्ने मुल नाराका साथ आ.व.०८१/०८२ मा सुचिकृत भएका बेरोजार व्यक्तिलाइ भौगोलिक र समय अनुसारको उत्पादनमुखी कार्यक्रम लागु गरी स्थानीय स्तरमा रोजगारीको सुनिश्चितता गरिनेछ ।

४ अवको जीवन स्वदेशमा भन्ने नाराका साथ बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि उद्यमशिलता र व्यवसायिक परामर्श सेवा संचालन गरिनेछ ।

५ सिप विकास, उद्यमशिलता विकास र स्वरोजगार मार्फत आन्तरिक रोजगारी सिर्जना मर्यादित श्रम, असल श्रम सम्वन्ध, सामाजिक सुरक्षा, जोखिमरहित र सिपयुक्त रोजगारीलाई प्रवर्द्धन गरी पालिकाभित्र उत्पादन, उत्पादकत्व र दीर्घकालीन रोजगारी सुनिश्चित गरिनेछ ।

सहकारी

१ नगरपालिका क्षेत्रभित्र कार्यक्षेत्र बनाइ सहकारी डिभिजन कार्यालयबाट हस्तान्तरण भएका सम्पुर्ण सहकारी संस्थाहरुलाइ व्यवस्थित गरिनेछ ।

२ गरिवी निवारण कोषबाट प्रवर्द्धन सामुदायिक संस्थाहरुमा रहेको घुम्ति कोष रकमको लगत राख्ने सो रकम मार्फत रोजगारी सिर्जना, आय आर्जन र उत्पादनमूलक कार्यमा परिचालन गर्न सामुदायिक संस्थाहरुलाइ सहकारी प्रणालीमा रुपान्तरण नीति लिइनेछ ।

३ नगरपालिका भित्रका विभिन्न समुहमा लगानी गरिएको गरिवी निवारण कोषको रकम लाई पारदर्शी बनाई कोषको उचित रुपमा परिचालन गर्न अनुगमन सहित नियमन गरिनेछ ।

**नगरसभाका सदस्यहरु लगायत उपस्थित महानुभावहरु**

## पूर्वाधार विकास

१ भौतिक निर्माण कार्यमा आइरहने समस्यालाई न्यूनीकरण गर्न र थप प्रभावकारी बनाउनको लागि ऐन, नियमावली र कार्यविधि तथा निर्देशिका तयार गरि लागू गरिनेछ।

२ नगरपालिका भित्रका टोलहरुलाई दुरी र भूगोलका आधारमा वर्गीकरण गरि दररेट तय तथा excavator को प्रति घण्टा पर्न जाने दररेटमा पुनरावलोकन गरिनेछ।

३ नगरस्तरीय सडक संजाललाई वैज्ञानिक तरिकाले नामाङ्कन, नक्सांकन क्षेत्राधिकारका लागि नगर यातायात गुरु योजनालाई पुनरावलोकन गरि लागु गरिनेछ ।

४ आगामी आर्थिक बर्षभित्र नगरपालिकाको क्षेत्रमा रहेका सडक, खानेपानी ,ढल निकास लगायत भौतिक पूर्वाधारलाई थप व्यबस्थित गरी प्रभावकारी रुपमा आगाडी बढाइनेछ।

५ आगामी आ व मा नगरपालिकाको केन्द्र बगर बजारलाई नमूना शहर निर्माणका लागि चाहिने आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ।

जनचन्द्र रोकाया
नगर प्रमुख

६ नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय तथा सार्वजनिक स्थानमा रहेका शौचालयहरुको स्तरोन्नति गरि अपाङ्गता तथा बालमैत्री र लैङ्गिक समानतायुक्त बनाइनेछ। SUSWA संगको सहकार्यमा सार्बजनिक शौचालयहरु संचालन तथा व्यवस्थापन गरी शौचालयको सुबिधामा नागरिकको सहज पंहुच वृद्धि गर्ने कार्यलाई अगाडी बढाइनेछ।

७ नगरपालिका अन्तर्गत प्रत्येक वडाहरुमा संचालन गरिने योजनाहरु डिजाइन तथा इष्टिमेट अनुसार कार्यान्वयन गर्नका लागि उपभोक्ता समितिलाई उचित तालिमका साथै सिकर्मी, डकर्मी र प्राविधिकहरुलाई समेत क्षमता विकास तालिम गराउने व्यबस्था मिलाइनेछ ।

८ नगरपालिका भित्र भएका भवन नगरपालिका हुनुभन्दा पहिले बनिसकेका घरहरुको हकमा अभिलेखीकरणका लागि नक्सा पास गरी अभिलेख रितपूर्वक राखि नगरपालिकाले **भवन निर्माण सम्बन्धि आवश्यक मापदण्ड तथा कार्यविधि** पुनरावलोकन गरि कार्यान्वयन गरिनेछ।

९ निर्माणधीन अवस्थामा रहेका वडा कार्यालयका भवनमा दुई बर्ष भित्र निर्माणका साथै वडा भवन निर्माण शुरु नभएका वडाका लागि वडा कार्यालयको भवन निर्माण कार्य शुरु गरी आगामी दुई बर्ष भित्र सम्पन्न गरिनेछ ।

१० नगरपालिकाको केन्द्रसँग जोडिएका शाखा सडकहरुको स्तरोन्नति गरिनेछ ।

११ आवश्यक पर्ने प्राविधिक उपकरण र रोड डिजाइन सफ्ट्वेयर व्यवस्था गरि निर्माण गरिने सडकको क्रससेक्सन, प्रोफाइल र प्लान तयार गरी निर्माण कार्यलाई वैज्ञनिक रुपले अगाडी बढाईनेछ ।

१२ निर्माण कार्यहरु समयमै सम्झौता गरी वैशाख मसान्त सम्म कार्य सम्पन्न गरि कार्य स्वीकार प्रतिवेदन पश्चात भुक्तानी गर्ने रणनीति अवलम्वन गरिनेछ ।

१३ नगरपालिकाको मौलिकता झल्किने पालिकाका विभिन्न प्रवेशद्धारमा सडक बोर्ड राखिने

१४ स्थानीय गौरवको आयेजनाको रुपमा पक्कि सुरक्षित भवन निर्माण कार्य श्री सरस्वती मा वि सुँ मा आर्थिक वर्ष २०८१।०८२ भित्र सम्पन्न गरि नगरपालिका भित्र कक्षाकोठा अभाव भएका अन्य विद्यालयहरुमा क्रमस पक्की भवन निर्माणका लागि थप पहल गरिनेछ ।

१५ प्राथमिक १५ सैयाको अस्पताल निर्माण कार्यको लागि आ व २०८१।०८२ मा शुरु गरि आगामी २ वर्ष भित्र सम्पन्न गरिनेछ ।

१९ योजना तयार गर्दा प्राविधिक लागत अनुमानको आधारमा बजेट विनियोजन गरिनेछ ।

१६ त्रिपुरासुन्दरी नगरपालिकाको केन्द्र बगर बजारलाई व्यवस्थित गर्नको लागी त्रिपुराकोट सिम कुना देखि पोरिबगर सम्म तथा बजार देखि नगरपालिकाको झोलुङ्गे पुल, बोर्डिङ स्कुल देखि भैरव मन्दिर लगायत नगरपालिका भित्रका ११ वडाको मोटरबाटोको लागत कट्टा गरि नक्सांकन गरिनेछ ।

१७ त्रिपुरासुन्दरी नगरपालिका अन्तर्गत भएका सम्पुर्ण सार्वजनिक तथा ऐलानी जग्गाको पहिचान गरि अभिलेखीकरण गरिनेछ ।

**नगर सभाका सदस्यहरु लगायत उपस्थित महानुभावहरु**

## वातावरण तथा विपद व्यवस्थापन

१ स्थानीय तह भित्र रहेको सरकारी तथा सार्वजनिक जग्गाको यकिन गरी आन्तरिक राजश्व संकलन अभिवृद्धिका लागी नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

जनचन्द्र रोकाया
नगर प्रमुख

हिरालाल घराला
नि.प्रमुख प्रशासकीय अधिकृत

२ नगरपालिका क्षेत्र भित्र आइपर्ने प्राकृतिक प्रकोप, बाढी , पहिरो, आगलागी जस्ता घटनामा परेका पिडित घरपरिवार तथा व्यक्तिलाई तत्काल उद्दार गरि राहत तथा पुनर्थापनाका लागि विपद व्यवस्थापन कोषको व्यवस्था एवं विपद व्यवस्थापनका लागि आवश्यक सामाग्रीको उचित व्यवस्थापन गरि वितरण कार्यलाई प्रभावकारी बनाइनेछ

३ जलवायु परिवर्तन र वातावरणको दिगो पर्यावरणको लागि वडा तथा नगरपालिका स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४ त्रिपुराकोट बगर बजारमा फोहोरमैला व्यवस्थापनका लागि दीर्घकालीन रणनीतिक योजना वनाई कार्यन्वयन गरिनेछ ।

५ नगरपालिका भित्रका खाली जमिनमा वृक्षारोपण कार्य मार्फत विपद् जोखिम न्यूनीकरण जस्ता कार्यको लागि आवश्यक रणनीति तयार गरि हरित नगरपालिका निर्माणमा जोड दिइनेछ ।

६ विपद जोखिम न्यूनीकरणका लागि विपद् प्रतिकार्य योजना निर्माण गरि जनप्रतिनिधी र कर्मचारीलाई क्षमता अभिवृद्धि मार्फत जनशक्ति परिचालन गरिनेछ ।

७ नगरपालिकामा विपद पूर्व सूचना केन्द्र तथा अन्तरनिकाय समन्वयकारी नीति अवलम्बन गरिनेछ ।

८ प्राकृतिक जोखिमयुक्त स्थानको स्थलगत अध्ययन गरि संभावित क्षतिको न्यूनीकरणका सबन्धमा नगरपालिकास्तरमा कार्ययोजना तयार गरि लागु गरिनेछ ।

## सुस्वा आयोजना तथा खानेपानी तथा सरसफाई

१ आ ब २०८१-२०८२ मा त्रिपुरासुन्दरी नगरपालिका सँगको साझेदारीमा सुस्वा परियोजनालाई निरन्तरता दिइनेछ

२ OA1 परियोजना मार्फत दिगो खानेपानी सरसफाई तथा स्वच्छता सेवा र लैंगिक समानता तथा सामाजिक समावेशीकरणको लागी सक्षम वातावरण निर्माण गरि शासनमा सुदृढीकरण गरिनेछ ।

३ OA2 परियोजना मार्फत जलवायु प्रतिरोधि सुरक्षित र निरन्तर खानेपानी आपुर्ति भएको हुनेछ ।

४ OA3 परियोजना मार्फत दिगो सरसफाइ स्वच्छता र मर्यादित महिनावारीको व्यवस्थापन भएको हुनेछ ।

५नेपाल सरकारको एक घर एक धाराको नीतिलाई अवलम्बन गर्दै दिगो स्वच्छ सफा सुरक्षित तथा सरसफाइयुक्त नगरपालिका निर्माणका लागी सुस्वा परियोजनासँग साझेदारी, समन्वय र सहकार्य मार्फत पालिकाको गौरवको आयोजनाको रुपमा कार्यन्वयन गरिनेछ ।

६ नगरपालिका भित्रका प्रत्येक घरदैलो, स्वास्थ्य संस्था तथा विद्यालयहरुमा स्वच्छ खानेपानी तथा सरसफाई सुविधाको सहज पहुँच मार्फत स्वच्छ जीवनशैली निर्माण गरिनेछ ।

७ खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्याङ्कको नियमित अद्यावधिक तथा व्यवस्थापन गर्दै सेवा नपुगेका वस्तिको पहिचान गरी प्राथमिकताका आधारमा सेवा उपलब्ध गराइनेछ ।

८ नगरपालिकाभित्रका सवै सार्वजनिक स्थलहरुमा व्यवस्थित खानेपानी सार्वजनिक घुम्ति शौचालय र साबुन पानीले हातधुने सुविधाको आवश्यक व्यवस्था गरिनेछ ।

९ व्यक्तिगत तथा वातावरणीय सरसफाइ सम्बन्धि नगरपालिका तथा वडा स्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१० डोल्पा जिल्ला खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भएतापनि शौचालय प्रयोगका सम्बन्धमा जनचेतना जगाई नगरवासी सवैलाई अनिवार्य रुपमा एक घर एक शौचालय अभियान पूर्ण रुपले प्रयोगमा ल्याउन पहल गरिनेछ ।

जनचन्द्र रोकायां
नगर प्रमुख

नगरसभाका सदस्यहरु लगायत उपस्थित महानुभावहरु

## सशासन तथा संस्थागत विकास

### सार्वजनिक सेवा प्रवाह

१ कार्यालय सञ्चालन तथा सेवा प्रवाहको सन्दर्भमा प्रमुख तथा गतिशील स्रोत मानव स्रोत भएकोले मानवस्रोतलाई ठिक व्यक्ति ठिक समय ठिक ठाउँमा उपयोग गर्ने अवधारणालाइ अवलम्बन गरिनेछ ।

२ संस्थागत सुशासन, गरिवी न्यूनीकरण, समुदायको विकास, दलित, जनजाति, उत्पीडित वर्गको विकास र उत्थानमा जोड दिइनेछ ।

३ स्वायत्त शासनको माध्यमबाट विकासमा जनताको अधिकतम सम्मितलित हुने अवसर जुटाइ लोकतन्त्रको लाभको न्यायोचित वितरण गर्ने कानुनी मार्गदर्शनमा जोड दिइने छ ।

४ नेपाल सरकारको सुशासन कार्यविधि, आर्थिक विकास, शासकीय तथा आर्थिक विकासको कार्ययोजना र समृद्धिको कार्ययोजना लगायतले परिलक्षित गरेका  कार्यक्रमको कार्यान्वयनमा जोड दिइनेछ।

८ अर्थपुर्ण जनसहभागिता, लक्षित वर्ग र समुदायको सशक्तिकरण एवम् मूल प्रवाहीकरण मार्फत समावेशी एवम् दिगो विकासको प्रत्याभूति गराइने नीति अवलम्वन गरिनेछ ।

९ सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता कायम गर्न तथा सेवा प्रवाह सरलीकरण र जनमुखी बनाउन आवश्यक मापदण्ड निर्माण र कार्यान्वयन गरिनेछ ।

१० करार सेवामा कर्मचारी भर्ना गर्दा प्राप्त बजेट, नगरपालिकाको आन्तरिक राजस्व क्षमता र नगरपालिकाको स्वीकृत दरवन्दी सर्वेक्षण (O And M) को विशेष ख्याल गरी करार सेवाका कर्मचारीलाई व्यवस्थापन गर्ने नीति लिइनेछ ।

११ त्रिपुरासुन्दरी नगरपालिका र अन्तर्गत निकायमा कार्यरत कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यकताका आधारमा तालिमको व्यवस्था गरिने छ।

१२ सूचना प्रविधि क्षेत्रलाइ सेवाको रुपमा विकास गर्ने सूचना प्रयोग मार्फत सार्वजनिक सेवा प्रवाहलाइ पारदर्शी, सहज र पहुँच योग्य बनाइनेछ ।

१३ सेवा प्रवाहलाइ चुस्त दुरुस्त पारदर्शी र जवाफदेही वनाउन भेटघाट कार्यक्रम सार्वजनिक सुनुवाई सूचना प्रवाह, गुनासो सुनुवाई, सूचना अधिकारीको माध्यमबाट सार्वजनिकरण, समाजिक परीक्षण, तेस्रो पक्ष मुल्याङकन,  सुझाव तथा उजुरी पेटिकाको माध्यमबाट प्राप्त गुनासाहरुलाई गुनासो व्यवस्थापक मार्फत सम्बोधन गर्दै क्षतिपूर्ति सहितको नागरिक वडापत्र, नागरिक सहायता तथा स्तनपान कक्ष तयार गरि कार्यान्वयनमा ल्याइनेछ

१४ अभिलेख व्यवस्थापनको लागि सूचना प्रविधिको प्रयोग गरी कागज विहीन कार्यालय बनाउन जोड दिइनेछ ।

१५ नगरपालिका क्षेत्रभित्र संयुक्त घुम्ति सेवा सञ्चालन गरि अशक्त, असहाय, अपाङ्ग बृद्ध, महिला तथा बालबालिकालाई सेवा प्रवाहमा प्राथमिकता दिइनेछ।

१६ नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुलाई उत्प्रेरणा स्वरुप  विगतमा उपलब्ध गराउँदै आएको खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७ नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुलाइ आवश्यक सेवा सुविधाको उपलब्धतालाई सुनिश्चित गरिनेछ

१८ सामाजिक सुरक्षा भत्तालाई विद्युतीय भुक्तानी प्रणाली मार्फत सम्बन्धित लाभग्राहीको बैंक खातामा त्रैमासिक रुपमा प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

जनचन्द्र रोकाया
नगर प्रमुख

१९ आगामी आर्थिक वर्ष २०८१।२०८२ देखि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण बायोमेट्रीक प्रणालीद्वारा गरिनेछ ।

२० नगरपालिकाबाट हुने खरिद सम्बन्धी सम्पूर्ण कार्य वार्षिक खरिद कार्ययोजना तथा गुरुयोजना बमोजिम गरिनेछ ।

२१ सरकारी तथा गैर सरकारी संस्थाहरुसँगको निरन्तर समन्वय सहकार्य तथा साझेदारीमा विभिन्न आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

**आन्तरिक नियन्त्रण तथा लेखा परीक्षण**

१ नगरपालिकाको आर्थिक नियमितता, पारदर्शिता, मितव्ययीता, कार्यदक्षता र औचित्यता पुष्टि हुने गरी जवाफदेहिताका लागि आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परLक्षणको माध्यमबाट वेरुजु न्यूनीकरण गरिनेछ।

२ आर्थिक कारोबारसँग सम्बन्धित लेखा/अभिलेखहरु चुस्त दुरुस्त राखिनेछ।

३ विगतका आ.व. हरुमा देखिएका वेरुजुहरुको सार्वजनिक लेखा समितिको प्रतिवेदन मार्फत मलेपले औंल्याएको वेरुजु समयमै फर्छ्यौट गर्ने व्यवस्था मिलाइनेछ।

राजश्व परिचालन

१ नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गराई नगरपालिकालाई समृद्ध बनाउन राजश्व परामर्श समिति मार्फत आन्तरिक आय तथा राजश्वको क्षेत्र पहिचान गर्ने, राजश्वको दायरा बढाउने, आवश्यकता अनुसार राजश्व छुटको व्यवस्था गरि राजश्वको मोडयुल सञ्चालन गरिनेछ ।

२ राजश्वको दायरा फराकिलो बनाई एकीकृत कर प्रणालीको माध्यमबाट सम्पूर्ण नगरवासीलाई करको दायरामा ल्याई आन्तरिक राजश्व संकलन तथा परिचालनमा जोड दिइनेछ ।

न्यायिक समिति

१ नेपालको संविधान र कानूनको भावना मर्म र उद्देश्यलाई शिरोपर गरी न्यायिक समितिमा आएका उजुरीहरुलाई छिटो छरितो र सर्वसुलभ ढंगबाट न्याय निरुपण गरिनेछ ।

२ नागरिक सचेतनाका लागि न्यायिक समिति मार्फत सचेतनामूलक तालिम, गोष्ठी र अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३ वडा स्तरीय मेलमिलाप समिति गठन, न्यायिक समिति सचिवालय तथा न्यायिक समिति संयोजक र सदस्यका लागि एक इजलासको व्यवस्था गरि महिनाको २ पटक इजलास बस्ने व्यवस्था गरिनेछ ।

**वित्तीय व्यवस्थापन**

१ आर्थिक कारोबारको अभिलेख पारदर्शी ढंगबाट राखी सरकारी कोषको यथार्थ जानकारी गराउनेछु ।

२ राजश्व चुहावट, वढदो बेरुजु नियन्त्रण गर्दै नागरिक सन्तुष्टी सर्वेक्षण मार्फत सामाजिक उत्तरदायित्व बहन गराउनेछु

३ स्थानीय स्रोत साधनको अधिकतम पहिचान गरि कुशलतम र मितव्ययी परिचालन तथा प्रभावकारी नतिजा हाँसिल गर्न जोड दिइनेछ ।

४ नागरिकको अधिकार तथा आवाजको सम्बोधन गर्ने र नियमित अनुगमन तथा मुल्याङ्कन कार्यलाइ प्रभावकारी वनाइनेछ ।

जनचन्द्र रोकाया
नगर प्रमुख

नि.प्रमुख प्रशासकीय अधिकृत